बैठक संख्या: ५१ को पहिलो बैठक मिति: २०८२।०४।०२ समय: दिनको १२:३० बजे

आज मिति २०८२।०४।०२ गते गुराँस गाउँपालिका दैलेखको ५१औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिल:

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काँशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

सहयोगी

| | |
|---|---|
| १ खेमराज उपाध्याय | सहायक पाँचौ |
| २ पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ३ खगीसरा बि क | का स |

गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रानीमटा, दैलेख कर्णाली प्रदेश नेपाल

**५१ औ बैठकका प्रस्तावहरु:**

१.गाउँसभाको समिक्षा सम्बन्धमा ।

२.बैठकको समग्र समिक्षा सम्बन्धमा ।

३.वार्षिक प्रगती प्रतिवेदन तयारी सम्बन्धमा ।

४.स्वीकृत ऐन, कानुन, कार्यविधिहरु राजपत्रमा प्रकाशन सम्बन्धमा ।

५.करार कर्मचारीहरुको सेवा करार नविकरण र कर्मचारीको जिम्मेवारी हेरफेर सम्वन्धमा ।

६. चालु आ.व.२०८१।०८२ का लागि विभिन्न कार्य योजना निर्माण सम्बन्धमा ।

७. खर्च गर्ने अख्तियारी प्रदान तथा कार्यसंचालन संझौता सम्बन्धमा ।

**८. विविध**

क) सम्पत्ती विवरण पेश गर्ने सम्बन्धमा ।

निर्णयहरु :

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको सभाको १६औं अधिवेशनको समग्र समिक्षा गर्दा सभाको पहिलो र दोस्रो बैठकमा विषेश सम्वोधन गर्न विशेष वक्ताको रुपमा कर्णाली प्रदेशका प्रदेश सभा सदस्य माननिय पुर्ण चालिसे र कर्णाली प्रदेशका प्रमुख माननिय यज्ञ राज जोशीज्यूले गुराँस गाउँपालिकाको समग्र विकास लगाएत आर्थिक वर्ष आ.व. २०८२/०८३ निति, बजेट तथा कार्यक्रम माथि आफ्नो सम्बोधन मार्फत सुझाव प्रदान गर्नु भएकोमा तथा गाउ सभामा महत्वपूर्ण समयका साथ भौतिक उपस्थिती प्राप्त भएकाले दुवै जना विशेष व्यक्तित्वहरुलाई र सभा संचालन तथा सफलताका लागि आ आफ्नो ठाउवाट अहोरात्र खटिने जानप्रतिनिधि, कर्मचारी प्रशासन र सम्बनद्ध सबैलाई गुराँस गाउँ पालिका गाँउ कार्यपालिकाको तर्फवाट हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २ प्रस्ताव नं २** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को समग्र समिक्षा गर्दा उल्लेखित अवधिमा कार्यपालकिाका १५ वटा बैठक, गाउँ सभाको अधिवेशनका ३ वटा बैठक विषयत समति तर्फ सबै विषयगत समितिका ३।३ वटा बैठक वसी गाउँ कार्यपालिकाको कार्य संचालन

टोप बहादुर खत्री
अध्यक्ष

तथा व्यवस्थापन सहजीकरण का लागि महत्वपूर्ण निर्णहरु गरी कार्यान्वयन गरेकाले व्यतित आर्थिक वर्ष निर्णय र निर्णय कार्यान्वयन तथा बजेट खर्च विकास निर्काणका कार्यहरु संचानल तथा समापन, साझेदारी कार्यक्रम संचानल संझौता तथा संचालन र व्यवस्थापन शुसासन, बेरुजू फर्च्यौट लगायतका कार्यमा सफल कार्यसंचालन वर्षको रुपमा रहेकाले आ आफ्नो ठाउवाट गाउपालिकाको कार्य संचालन व्यवस्थापनमा सहयोग गर्ने आम नागरीक, वडा कार्यालयहरु, जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत लगाएत सबै कर्मचारी परीवार, साझेदार संघ संस्थाहरु, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, उद्योगी व्यापारी, प्रदेश सरकार र संघीय सरकाका जनप्रतिनिधि र स्थानिय सरकार तथा सरोकारवाला सबैलाई गाँउपालिकाको तर्फवाट आभार सहित धन्यवाद दिदै समग्र वार्षिक कार्यसंचालन सम्पादन राम्रो रहेको समिक्षा गर्दे आगामी वर्षमा थप उपलब्धी हासिल गर्ने गरी कार्य संचालन गर्ने निर्णय गरीयो । साथै चालु आर्थिक वर्ष २०८१।०८२ मा सम्बन्धीत शाखाले संचालन गर्न सकिने तोकिएका कार्यक्रमहरु पनि संचालन नगरी समय गुजारेका तथा नितिगत निर्णहरुको कायान्वयन गर्न आनाकानि गरी वित्तिय प्रगती तथा कार्यसंम्पादन प्रभावकारीरुपमा नगरेका प्राविधिक र शिक्षा शाखा तथा शाखा प्रमुखलाई सचेत गराउने निर्णय गरीयो ।

**निर्णय नं. ३:** प्रस्ताव नं ३ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यापालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ को कार्यक्रम संचालनको भौतिक तथा वित्तिय प्रगतीको प्रगती विवरण सबै शाखागत रुपमा संकलन गरी वार्षिक प्रतिवेदन तयारी गर्ने प्रयोजनका लागि सबै शाखाहरुले वार्षिक प्रगति प्रतिवेदन तयार गरी सूचना प्रविधि शाखामा विधुतिय कपी सहित बुझाउने र सूचना प्रविधि शाखाले उक्त प्रतिवेदन एकिकृत गरी प्रतिवेदन तयारी गरी प्रकाशन गर्नका लागि तपसिलका कार्मचारीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरीयो ।

**तपसिल**

| | |
|---|---|
| श्री मदन प्रकाश मल्ल अधिकृत सातौ | संयोजक |
| श्री हृदयराज शाही सुचना प्रविधि अधिकृत | सदस्य |
| श्री नगेन्द्र पाल थापा सहायक पाँचौ | सदस्य |
| श्री नारायण ढकाल सहायक पाँचौ | सदस्य |
| श्री खेमराज उपाध्याय सहायक पाँचौ | सदस्य |

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. ४** प्रस्ताव नं ४ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यपालिका र गाउँसभाको १५औं र १६ औ अधिवेशनको सभावाट पारीत भएका ऐन, कानुन, कार्यविधिहरु राजपत्रमा प्रकाशन गर्नकालागि सम्बन्धीत ऐन कानुन कार्यविधिहरु तर्जुमा गर्ने शाखाहरुले विधुतिय कपी उपलब्ध गराउने र उपलब्ध भएका स्वीकृत ऐन, कानुन, कार्यविधिहरु तोकिए बमोजिम राजपत्रमा प्रकाशन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५:** प्रस्ताव नं ५ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरुको सेवा करार नविकरणका सम्बन्धमा कार्य सम्पादन मूल्यांकन भइ सेवा करारको म्याद थपकालागि पेश भएकोमा कर्णाली प्रदेशको स्थानिय सेवा गठन तथा संचालन ऐन र नियमावलि २०८१ मा भएको कानुनी व्यवस्था तथा राष्ट्रिय सतर्कता केन्द्रको करार कर्मचारी नियुक्ति नगर्ने सम्बन्धीको च न. मिति २०८२। । को प्राप्त त्रानुसार सेवा करारका कर्मचारीहरुको करार म्याद थप हाललाई नगर्ने र उक्त म्याद थपको सम्बन्धमा सम्बन्धीत माथिल्लो निकायसंग परामर्श लिई सो सम्बन्धीको थप कार्य गर्ने साथै स्वास्थ्य र अति आवश्यक सेवाका कार्य संग सम्बन्धीत कर्मचारीहरुको हकमा अर्को व्यवस्था नहुने वेला सम्मकालागि सेवा करारको निरन्तरता दिने र क्रमस करार सेवा कम गर्दै स्थाई दरवन्दीका कर्मचरीवाट कर्य सम्पादन गर्ने गराउने निर्णय गरीयो ।

**निर्णय नं. ६:** प्रस्ताव नं ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको चालु आ.व.२०८२।०८३ का लागि नियमित कार्य संचालनका लागि आवश्यकिय तोकिएका योजनाहरु तयार गर्न स्वीकृत वार्षिक बजेटको आधारमा खरीद योजना, कार्य संचालन तथा कार्यक्रम कायान्वयन योजना कार्यक्रम सम्बद्ध सबै शाखाहरु तथा कार्यालयले तयार गरी कार्यान्वयनका लागि आगामी बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं. ७: प्रस्ताव नं ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको चालु आ.व.२०८२।०८३ को स्वीकृत बजेट तथा क्रार्यक्रम कार्यान्वयनका लागि तोकिएको कानुनि व्यवस्था अनुसार खर्चको अख्तियारी प्रदन गर्ने साथै गाउँपालिका र प्रमुख प्रशासकिय अधिकृत विच तथा शाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृत विच कार्यसम्पादन सम्झौता गरी कार्यसंचालन गर्ने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. ८ को विविध क** माथि छलफल गर्दा नेपाल सरकार तथा सम्वन्धीत कानुनले तोकेको अवधिमा सोहि कानुनमा सम्पत्ति विवरण अनिवर्य रुपमा बुझाउनु पर्ने भनि तोकिएका गाउँपालिका सम्वद्ध सम्पुर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु र शिक्षकहरुको सम्पत्ति विवरण भर्न आवश्यक व्यवस्था मिलाई सम्वन्धीत निकायमा पेश गर्न आवश्यक सहजिकरणका लागि कार्यालय प्रशासन र सुचना प्रविधि शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

CamScanner